# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


अनुदानको मल वितरण व्यवस्थापन सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०७७/०८/०४

नेपाल सरकारबाट स्वीकृत अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम स्थानीय तहमा अनुदानको रासायनिक मल आपूर्ति तथा बिक्री वितरण व्यवस्थापनलाई सहज गर्नका लागि यस दक्षिणकाली नगर क्षेत्र भित्रका क्रियाशिल दर्तावाला सहकारी संस्था/फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात ( मिति २०७७/०८/१० ) तपशिलका कागज पत्र सहित निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. सहकारी संस्था फर्म वा कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२. सहकारी संस्थाको हकमा संचालक समितिको बैठकको निर्णय प्रतिलिपपि ।

३. आ.व. ०७६/७७ को वार्षिक लेखापरिक्षण प्रतिवेदन तथा सोहि अवधिको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपपि ।

४. सम्बन्धित वडा कार्यालय सिफारिस पत्र ।

५. रासायनिक मल विक्री वितरणका लागि नाप तौल गर्ने मेशिन, भण्डारको लागि गोदाम घर लगायत यस कार्यका लागि आवश्यक पूर्वाधारको विवरण ।

६. रासायनिक मल विक्री गरिरहेकाको हकमा आ.व. ०७६/७७मा कुन संस्थाबाट कुन किसिमको के कति परिमाणमा मल विक्री गरेको हो सो को विवरण ।

७. रासायनिक मल विक्री वितरण स्थल भाडामा भए सम्झौताको प्रतिलिपि ।

८. रासायनिक मल विक्री गर्न चाहेको क्षेत्र ।

९. तोकिएको समयभित्र प्राप्त हुन आएका निवेदन मध्ये के कति परिमाणमा रासायनिक मल विक्रेता नियुक्ती गर्ने हो सो को निर्णय रासायनिक मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम स्थानीय तह ( दक्षिणकाली न.पा. ) मल वितरण व्यवस्थापन समितिले गर्नेछ ।

सम्पर्क व्यक्ति

नाम, थर :- पविता राई (प्रा.स. कृषि शाखा)

स.नं.:- ९८६०५६९८१०

..........................

रमेश सिंह थापा

(प्रमुख प्रशासकीय अधिकृत)


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np